# लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८

## प्रथम संशोधन, २०७९

## एवं

## मूलप्रवाहीकरण रणनीति, २०७९

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**दशरथचन्द नगरपालिका**

**बैतडी**

पुष्कर राज जोशी
नगर प्रमुख

## दशरथचन्द नगरपालिकाको लैससास नीति- २०७८ एवं मुलप्रवाहिकरण रणनीति- २०७९

### १. पृष्ठभुमि:

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतालाई आत्मसात गरि विविधता बीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्दै वर्गीय जातीय क्षेत्रीय भाषिक धार्मिक लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरि आर्थिक समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलुक सिद्धान्तका आधारमा समातमूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। नेपालको संविधानको मौलिक हक अन्तर्गत सबै व्यक्तिहरुको सम्मानपूर्वक् बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, महिलाको हक, बालबालिकाको हक, सामाजिक न्यायको हकको व्यवस्था र संविधानको धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था र धारा ५२ मा राज्यले गर्नु पर्ने दायित्वको व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा स्थानीयस्तरमा विकासका लागि आवधिक, वार्षिक रणनीतिगत रुपमा मध्यकालीन तथा दिर्घकालिन योजना बनाई लागु गर्नु पर्ने कुरालाई कानूनी रुपमा व्यवस्था गरेको छ भने सोही दफाको उपदफा २ मा योजना बनाउदा लैंगिक तथा सामाजिक समावेशीकरण सम्बन्धी विषयलाई ध्यान दिनु पर्ने कुरा उल्लेख गरिएको छ।

यसै सन्दर्भमा दशरथचन्द नगरपालिकाले लैंगिक मैत्री समावेशी नगरपालिका बुनाउने परिकल्पना अनुरुप समुदायमा पछाडी परेका वा पछाडी पारिएका महिला, एकल महिला, जनजाति, दलित सीमान्तकृत अपांगता भएका व्यक्ति हिंसामा परेका महिलालाई नगरपालिकाको हरेक क्षेत्रका अग्रसर र निर्णय प्रक्रियामा सहभागिता का लागि लैससास नीति, २०७८ (कार्यपालिका बाट स्वीकृत मिति २०७८/०८/२२, नगरसभाबाट स्वीकृत मिति २०७८/०९/२८) मा थप आवश्यक परिमार्जन गरि लैगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ एव मूलप्रवाहीकरण रणनीति,२०७९ र कार्यान्वयन लागी कार्ययोजनाको ढाँचा निर्माण गरि समावेश गरिएको छ।

### १.१ नगरपालिकाको परिचय:

सुदूरपश्चिम प्रदेश अन्तर्गत बैतडी जिल्लाको सदरमुकाममा अवस्थित दशरथचन्द नगरपालिका लाई ११ वटा वडामा विभाजन गरिएको छ । अमर शहिद दशरथचन्दको नामबाट नामाकरण गरिएको यो नगरपालिका प्राकृतिक रुपले रमणीय रहेको छ । माता त्रिपुरासुन्दरी, जगन्नाथ, निंगलाशैनी लगायतका मन्दिरहरु धार्मिक पर्यटकीय स्थलको रुपमा रहेका छन् । भारत संग सीमाना जोडिएको यो नगरपालिकाका विभिन्न क्षेत्रहरुलाई पर्यटकीय हिसाबले महत्वपूर्ण मानिन्छ । कुल जनसंख्या ३१,७८६ रहेको यो नगरपालिकामा ६,०९५ घर संख्या र ७,३३९ परिवार संख्या रहेका छन् । सुदूरपश्चिचम प्रदेशमा अवस्थित यस दशरथचन्द नगरपालिकामा रहेको ग्वाल्लेक धुरोले बायुको बेगलाइ रोक्ने भएकोले यसलाई बेगतोड़ भनिन्थ्यो । त्यसैको अपभ्रम्स भइ बैतडी जिल्ला नामाकरण भएको हो । महत्वपूर्ण धार्मिक तथा राजनीतिक इतिहास बोकेको यो जिल्ला कहिले डोटी राज्य र कहिले कुमाउ राज्यमा रहेको र चन्दहरुले राज्य गरेको भन्ने भनाइ छ। नेपालकै प्रमुख धार्मिक स्थल त्रिपुरासुन्दरी भगवती मन्दिर, जगन्नाथ मन्दिर, निंगलाशैनि मन्दिर, ग्वालेक केदार, असिमी केदार, महारुद्र मन्दिर, नागार्जुन मन्दिर, इश्वरीगंगा धाम, महाभारत कालका पंचदेव मन्दिर जस्ता महत्वपूर्ण धार्मिक स्थल



पुष्कर राज जोशी
नगर प्रमुख

रहेको नगर हो। राजनीतिक इतिहासको १०४ बर्षे कठोर राणा शासन विरुद्ध संघर्ष गर्ने ज्येष्ठ चार शहिद मध्ये अमर शहिद दशरथचन्दको जन्मस्थान यसै नगरमा पर्छ। यो नगरपालिका २०५४ सालमा ६ वटा गा.बि.स. दशरथचन्द, खलंगा, त्रिपुरासुन्दरी, थालिगाडा, जगन्नाथ र बाराकोट गा.बि.स. मिलाएर अमर शहिद दशरथचन्दको नामबाट स्थापना गरिएको हो।

नेपाल सरकारले स्थानीय निकाय पुर्नसंरचना गरेर गुरुखोला, देहिमाडौँ, दुर्गाभवानी, गवालेक, नागार्जुन गा.वि.स. र दुर्गास्थानको केहि वडाहरु मिलाएर मिति २०७३ फाल्गुन २७ गते स्थानीय तहमा परिणत गरि ११ वडामा विभाजन गरि दशरथचन्द नगरपालिका घोषणा गरेको छ।

नयाँ कायम भएका वडाहरु र वडागत जनसंख्या तपशिल अनुसार रहेको छ।

| साबिक नपा तथा गाबिसका वडाहरु | हाल पुनसंरचना अनुसार कायम भएका वडाहरु | जम्मा जनसंख्या (२०६८ अनुसार) |
|---|---|---|
| गुरुखोला १-९ | १ | ४४६२ |
| देहिमाडौँ १-९ | २ | ४३६२ |
| दुर्गाभवानी १-९ | ३ | २३५० |
| दशरथचन्द १, २ र ३ | ४ | ५६१८ |
| दशरथचन्द ४ र ५ | ५ | २५७९ |
| दशरथचन्द ६, ७ र १२ | ६ | ३०७० |
| दुर्गास्थान ४, ५, ६ र ७ | ७ | १७३९ |
| दशरथचन्द ८ र ९ | ८ | २०१६ |
| ग्वालेक १-९ | ९ | ३८२२ |
| दशरथचन्द १० र ११ | १० | १९३६ |
| नागार्जुन १-९ | ११ | १९६१ |

यो नगरपालिकाको पूर्वमा पाटन नगरपालिका र सुर्नया गाउँपलिका, पश्चिममा महाकाली नदि र मित्र राष्ट्र भारत, उत्तरमा दार्चुला जिल्ला र दोगाडाकेदार गाउँपालिका, दक्षिणमा मेंलौली नगरपालिका र पंचेश्वर गाँउपालिका रहेको छ | २०७८ को जनगणना अनुसार यस नगरपालिकाको कुल जनसंख्या ३१,७८६ र जम्मा जनगणना घर संख्या ६,०९५ परिवार संख्या ७,३३९ रहेको छ | १३५.१५ वर्ग किमी मा फैलिएको यस नगरपालिका समुद्र सतह देखि न्यूनतम ५०० मिटर र अधिकतम ३,१०० मिटर उचाइमा रहेको छ, यसको हावापानी समसितोष्ण रहेको छ | जगन्नाथ मन्दिर गडी, त्रिपुरासुन्दरी भगवती मन्दीर, निंगलासैनी भगवती मन्दीर देहिमाण्डौं, ग्वाल्लेक केदार मन्दिर, असिम केदार, नागार्जुन बाबा, ईश्वरी गंगाधाम पञ्चदेवल यस नगरपालिकाका धार्मिक विशेषताहरु हुन। कृर्षि तर्फ आँप, लिचि, मेवा, नासपाती जस्ता गर्मि याममा फल्ने र स्याउ, सुन्तला, मौसम जस्ता जाडो याममा फल्ने फलफुलहरु यहाँको प्रमुख फलफुलको रुपमा लिने गरिन्छ | साथै गहुँ, मकै, भटमास जस्ता मुख्य खाद्यान्न वाली हरु उत्पादन गर्ने गरिन्छ | टिम्मुर, अमला, चिराइतो जस्ता महत्वपूर्ण जडीबुटीहरु यहाँ पाइने गरेको छ | मित्रराष्ट्र भारतको सिमाना रहेको र उत्तराखंडको पिथौरागढ़ जिल्ला यस नगरपालिकाको मुख्य व्यापारिक नाका झुलाघाट रहेको छ।

पुष्कर राज जोशी
नगर प्रमुख

## २. विगतका व्यवस्था प्रयास र वर्तमान स्थिती

लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्नका लागि तत्कालिन स्थानीय विकास मन्त्रालयले लैंगिक समानता तथा समावेशीकरण नीति २०६६ तर्जुमा गरेको थियो । वदलिदो राजनीतिक परिस्थिति र संवैधानिक व्यवस्था अनुरुप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सामाजिक सामवेशीकरण नीति २०७६ अनुसार यस दशरथचन्द नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरुले लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्धन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास नगरपालिकाले ऐन नियम र कार्यविधि तथा मापदण्ड तर्जुमा गर्दा लैससास सम्वन्धी संवेदनशिल बनाउने प्रयास वार्षिक योजना तर्जुमा गर्दा लैंगिक तथा सामावेशी सहभागीतालाई जोड दिदै योजना तथा कार्यक्रमहरु तर्जुमा नगरपालिकाले हिंसा प्रभावित महिलालाई सहयोग पुर्याउन लैंगिक हिंसा निवारण कोष कार्यविधि निर्माण तथा कार्यान्वयन महिलाका लागि छुट्टै स्तनपान कक्षको व्यवस्था, कोभिड १९ को रोकथाम र व्यवस्थापनका लागि क्वारेन्टाइन र आइसोलेसन बनाउदा महिलाहरुको सुरक्षालाई ध्यानमा राखि छुट्टै आइसोलेसन र क्वारेन्टाइन केन्द्रको व्यवस्था नगरपालिका भित्र अपांग हेल्पडेस्क स्थापना र संरचना निर्माण गर्दा अपांगतामैत्री बनाउन तर्फ प्रयास गरिएको छ ।

यस दशरथचन्द नगरपालिका जिल्ला सदरमुकाममा अवस्थित रहेको भएता पनि नगरक्षेत्र भित्र बसोवास गर्ने दलित, पछाडी पारिएको वर्गहरु रोजगारीको लागि भारत जाने गरेका छन । विगतमा हलियाको रुपमा रहेका यहाँका दलित समुदाय हाल उक्त हलिया प्रथाबाट मुक्त भएका छन । आयस्रोतको रुपमा यहाँका पछाडी परेका दलित समूदाय घर बनाउने कार्यमा सिपालु छन । उनिहरुको आय स्रोतको रुपमा घर बनाउने ढुंगा, गिट्टि कुट्ने र काठपातको काम गर्ने, आरन, सिलाई कटाई, नींगालोको काम रहेको छ ।

सामाजिक दृष्टिकोणबाट यस नगरपालिकामा कूल जम्मा ६,०९५ घरधुरी तथा ३१,७८६ जनसंख्या रहेको छ । जसमा ४७.३६ प्रतिशत पुरुष र ५२.६४ प्रतिशत महिला छन । सामाजिक तथा जातिय विविधता भएको यस नगरपालिकामा दलित, क्षेत्री, ब्राह्मणहरुको बसोबास रहेको छ । पेशागत हिसाबले यस नगरपालिकाका अधिकांश जनता कृषि पेशामा रहेका छन । यस नगरपालिमा धार्मिक दृष्टिणकोले पनि आन्तरिक तथा बाह्य पर्यटकहरु आउने गरेको पाइन्छ । यस नगरपालिकामा त्रिपुरा सुन्दरी भगवती, निंगलासैनी भगवती, ईश्वरी गंगाधाम मुख्य धार्मिकस्थल पर्यटनको रुपमा रहेका छन ।

## ३. लैससास सम्वन्धमा प्रमुख रुपमा देखिएको समस्या चुनौति र अवसरहरु:

सरोकारवालाहरुको नीति तर्जुमामा सहभागीता न्यून हुनु, विद्यमान कानून कार्यान्वयनमा अपेक्षित लक्ष्य हासिल हुन नसक्नु, स्थानीय तहमा रहेको महिला शाखालाई पर्याप्त बजेट तथा जनशक्तिको अभाव हुनु, लैससास नीति अनुरुप बजेट तथा कार्यक्रम तर्जुमा हुन नसक्नु, तालिमको प्रभावकारी व्यवस्थापन र मूल्यांकन नहुनु, घरेलु हिंसा अपेक्षित रुपमा न्युनिकरण गर्न नसकिनु र जातीय विभेद तथा छुवाछुत विद्यमान नै रहनु लैंगिक समानता तथा सामाजिक समावेशीकरणका प्रमुख समस्या हुन् ।



पुष्कर राज जोशी
नगर प्रमुख

आवश्यकतामा आधारित कार्यान्वयनको नीति तर्जुमा गर्नु, स्थानीय महिला शाखालाई पर्याप्त बजेट विनियोजित गर्नु, उपयुक्त जनशक्तिको व्यवस्थापन गर्नु, लैंगिक संवेदनशील बजेट तथा कार्यक्रम तर्जुमा गर्नु, कार्यक्रम कार्यान्वयनमा संघ र प्रदेश सरकारसँग प्रभावकारी समन्वय र सहकार्य गर्नु, सीमान्तीकृत तथा पिछडिएका महिलाहरुलाई सशक्तिकरण गर्नु, तथ्यांक संकलन उत्पादन अद्यावधिक गर्नु, तथ्यांक विश्लेषण गर्नु, विद्यमान कुप्रथा, सामाजिक विकृतिको अन्त्य गर्नु, किशोर किशोरीहरुलाई प्रजनन शिक्षा प्रदान गर्नु, मानसिक रोग सम्बन्धी सेवा परामर्श सेवा उपलब्ध गराउनु, जातीय विभेद तथा छुवाछुत न्यूनिकरण सम्बन्धी विद्यमान कानूनको कार्यान्वयन गर्नु र सदाचार नैतिकता र मानवताको प्रवर्धन गर्नु यसका प्रमुख चुनौतीहरु हुन्।

स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा हुनु, दीर्घकालीन योजना तर्जुमा हुनु, स्थानीय सरकार सञ्चालन ऐन कार्यान्वयनमा हुनु, लैंगिक उत्तरदायी बजेट कार्यान्वयनको चरणमा हुनु, दीगो विकासका लक्ष्यहरु कार्यान्वयनमा हुनु, अन्तराष्ट्रिय सन्धी तथा महासन्धिहरुको कार्यान्वयन हुनु, लैंगिक सम्पर्क व्यक्ति तोकिनु, महिला शाखालाई बजेट विनियोजन हुनु, संघ र प्रदेश सरकारबाट बजेट तथा कार्यक्रम प्राप्त हुनु र समन्वय र सहकार्य हुँदै जानु, महिला तथा लक्षित वर्गका लागि सघन रुपमा कार्यक्रमहरु सञ्चालन हुनु, सूचना प्रविधिको विकास र उपयोग बढ्दै जानु, महिला साक्षरता, उद्यमशीलता, विकासमा सहभागिता र निर्णय निर्माणमा चासो बढ्दै जानु, समावेशीकरण तथा समानुपातिक प्रतिनिधित्वको अवधारणा अवलम्बन गरिनु यसका अवसरहरु हुन् । माथि उल्लेखित समस्या तथा चुनौतिहरुका अतिरिक्त प्रमुख समस्या र चुनौतिहरु देहाय अनुसार हेरेका छन।

### ३.१ समस्याहरु

१. लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी सरोकारवालाहरुको बुझाइमा एकरुपता नहुनु।
२. नियमित रुपमा लैंगिक उत्तरदायिक बजेट बिनियोजित तथा परीक्षण नहुनु।
३. लैससासका लागि आवश्यक तथ्यांक संकलन विश्लेषण र प्रभावकारी रुपमा अभिलेखिकरण नहुनु।
४. लक्षित वर्गको अवसर र लाभ वितरणमा न्यायोचित पहुंचको सुनिश्चितता हुन नसक्नु।
५. पछाडी परेका तथा बञ्चितकरणमा पारिएका वर्ग र समुहलाई आर्थिक तथा सामाजिक रुपमा शसक्तिकरण गर्न नसक्नु।
६. नगरपालिकाको अनुगमन तथा मुल्यांकन प्रणालीले लैससास अवधारणालाई अवलम्बन गर्न नसक्नु।
७. लक्षित वर्ग क्षेत्र र समुदाय बीच आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तरसम्बन्ध रहनु।
८. विभिन्न लिंग वर्ग क्षेत्र समुदाय र जातजाति बीच हुने विभेद हट्न नसक्नु।

### ३.२ चुनौतिहरु

९. नगरपालिका भित्र रहेका समिति तथा संरचनाहरुलाई लैससास मैत्री कायम गर्न नसक्नु।
१०. समाजमा कायम रहेका बिद्यमान कुरीती विसंगति र सामाजिक मुल्य मान्यताहरु कायम रहनु।
११. लक्षित वर्गको आयस्तरमा ठूलो असमानता।



पुष्कर राज जोशी
नगर प्रमुख

१२. लाभ वाँडफाँडमा वास्तविक लक्षित वर्गको पहिचान र पहुँचमा सुनिश्चितता।
१३. विधमान कानुनी व्यवस्थाका बारेमा लक्षित वर्गलाई अध्यावधिक गराउनु।
१४. लक्षित वर्गलाई योजना निर्माणमा समावेश गर्न सक्नु।

**३.३ अवसरहरु**

समावेशीकरणलाई प्रवर्धन र प्रोत्साहन गर्ने संविधान र संविधानमा भएका व्यवस्थाहरु स्थानीय सरकार संचालन ऐन नेपाल सरकारले राष्ट्रिय तथा अन्तरास्ट्रिय रुपमा जनाएका प्रतिबद्धता स्थानीय सरकारले नै नीति तथा कानुन निर्माण गर्ने अधिकारले नगरपालिकालाई लैससास मैत्री बजेट तथा कार्यक्रम अनुरुप नगरपालिकालाई नीति तथा कानुन बनाउन अवसरहरु प्रदान गरेको छ।

**४ लैससास नीति तर्जुमाको आवश्यकता र महत्व:**

यस दशरथचन्द नगरपालिकामा विभिन्न जातजाती, वर्ग, धर्म, सम्प्रदाय र सांस्कृतिक पहिचान संगै नेपालको संविधान बमोजिम वर्गीय, जातिय, क्षेत्रीय, आर्थिक, धार्मिक र सबै प्रकारका विभेद जातिय छुवाछातको अन्त्य गरि आर्थिक सामाजिक रुपमा समृद्ध समाज निर्माण गर्ने सामाजिक सहभागीतामूलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्नुका साथै संविधानमा व्यवस्था गरिएका विभिन्न मौलिकहकहरुमा व्यवस्था गरिएको महिला, बालबालिका, ज्येष्ठ नागरिक, सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका वा पारिएका वर्गहरुको सुनिश्चितता गर्नुपर्ने दायित्व स्थानिय सरकारको हुने कुरा उल्लेख भए बमोजिम यस दशरथचन्द नगरपालिकामा लैससास नीति नियम सेवा प्रवाह विकास निर्माण लगायतका कार्यहरुमा लैससासलाई मूलप्रवाहिकरण गरि सीमान्तकृत वर्ग तथा समुदायलाई विकासको मूलधारमा समाहित गर्ने यसको रणनीतिक मूल आवश्यकता र महत्व रहेको छ। बुँदागत रुपमा देहाय अनुसार उल्लेख गरिएको छ।

१ पछाडी पारिएका समुदायलाई मुल प्रवाहिकरण ल्याउन सहभागिता मुलक सञ्जालको स्थापना गर्ने।

२ पछाडि परिएका समुदायको नगरपालिकाको सबै कार्यक्रममा प्रभावकारी रुपमा सहभागिताको सुनिश्चिता गर्नु।

३ नगरपालिका भित्रका पछाडी परेका समुदायको अभिलेख तयार गरि आवश्यकताको आधारमा सीपमूलक तालिमाको व्यवस्थापन गर्नु।

४ पछाडी परेका वा सिमान्तकृत समुदायको जीवनस्तर उकास्नु र आत्मनिर्भर बनाउनु।

**५ दिर्धकालिन सोच:**

**समन्यायिक विभेद रहित लैंगिक समतामुलक समावेशि नगरपालिका**

६.लक्ष्य:

पछाडी परेका वा पारिएका समान्तकृत वर्गलाई सशक्तिकरणको माध्यमबाट मुल प्रवाहमा ल्याउनका लागि पहिचान सहभागिता र सशक्तिकरणको माध्यमबाट समानता सहभागीता समतामुलक समृद्ध समाजको निर्माण गर्ने।

**७. उद्देश्य**



पुष्कर राज जोशी
नगर प्रमुख

- लैससासको सवाल प्रति नगरपालिकालाई जिम्मेवारी तथा उत्तरदायि बनाउने।
- पछाडी पारिएका वर्ग तथा समुदायहरुको क्षमता अभिवृद्धि गर्ने।
- लैससास दृष्टिले पछाडी परेका समूहहरुलाई विकासको मूल प्रवाहीकरणको सुनिश्चिता कायम गर्ने।
- नगरस्तरमा रहेका लैससास सम्वन्धी संरचना एवम् साझेदार निकाय संगको आपसि समन्वय एवम् साझेदारीको सुनिश्चिता कायम गर्ने ।
- लैससास मैत्री संरचनाको निर्माणको सुनिश्चिता गर्ने।

**८. लैससास नीतिका अपेक्षित उपलब्धीहरु**

- दशरथचन्द नगरापालिकमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत भइ नगरपालिकाको परिकल्पना गरेको लक्ष्य अपेक्षित रुपमा पुरा भएको हुने।
- नगरपालिकाको रणनीतिको आधारमा विनियोजित बजेट लैससास मैत्री रुपमा बाँडफाड गरिनेछ।
- पछाडी पारिएको वर्गलाई मूल प्रवाहिकरणमा ल्याउन जनप्रितनिधि कर्मचारी र सरोकारवालाहरु लाई तालिम गोष्ठ सेमिनारको आयोजना गरि क्षमता विकास भएको हुनेछ।
- लैससास रणनीतिको आधारमा कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन संयन्त्रको निर्माण गरि कार्यान्वयनलाई प्रभावकारी रुपमा लागु गरिने छ। नगरपालिकामा स्थानीय सरकारको संस्थागत संरचना निर्माण भइ महिला बालबालिका पछाडी परेका वर्ग समुदायको नगरपालिकाको हरेक क्षेत्र तथा कार्यक्रममा उनिहरुको अर्थपूर्ण सहभागीता वृद्धि भइ जातिय विभेद र बहिष्करणको अन्त भएको हुने छ।

**९.नीति रणनीति तथा कार्यनीति**

९ (१) नीति

- योजना निर्माणमा सबै वर्गको सहभागिता अभिवृद्धिको सुनिश्चिता गर्ने।
- सशक्तिकरण सम्वन्धी सीपको अभिवृद्धि गर्ने।
- स्थानीय सोकारवाला संघसंस्था, गैसस, नीजिक्षेत्र संग साझेदारी, सहकार्य र समन्वय गर्ने।
- लैससास मैत्री कार्यक्रमको लागि प्राथमिकताको आधारमा नगरपालिकामा बजेटको सुनिश्चिता गर्ने।
- लैससासको अवधारणा हासिल गर्न नगरपालिकाको नीति कानून तथा मापदण्हरुको समय समयमा पुनरावलोकन संशोधन गर्ने।
- नगरपालिकाको योजाना तर्जुमा प्रकियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने।
- नगरपालिकाका कार्यक्रम तथा व्रजेट लैंगिक उत्तरदायी बनाउने,
- सेवा प्रदायक, सरोकारवाला, अधिकारवादी, संघसंस्थाहरुको लैससास समबन्धमा क्षमता अभिवृद्धि गर्ने,
- लक्षित वर्गलाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चित गर्ने,
- लैससास अवधारणालाई संस्थागत गर्दै संयन्त्रलाई दिगोपना प्रदान गर्नु,



पुष्कर राज जोशी
नगर प्रमुख

**९ (२) रणनीति**

- नगरपालिकाको हरेक कार्यक्रममा लक्षित वर्गको सहभागितामा जोडदिने।
- लैससास सम्बन्धी प्रचार प्रसार सामग्रीहरुको अधिकतम प्रयोग गर्ने र जनचेतनामुलक कार्यक्रम संचालन गर्ने।
- आवधिक र वार्षिक योजनामा लैससासका मुद्दाहरु प्राथमिकिकरण गरि सामावेश गर्ने।
- नगरपालिकाको योजना तर्जुमाको लागि सहभागितातात्मक नीति र कार्यविधि तर्जुमा गर्ने।
- नगरपालिकाको योजना तर्जुमा प्रक्रिया लक्षित समुदायको क्षमता अभिविद्धि गृरि अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने।

**९(३) कार्यनीति**

- आवश्यक बजेटको व्यवस्थापन गरि लक्षित वर्गको लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- सामग्री निर्माण तथ्यांक संकलन र विश्लेषण गरि लक्षित वर्ग पहिचान गरिनेछ।
- मागमा आधरित सिप विकासको लागि आवश्यक तालिम संचालन गरिनेछ।
- ड्रईङ डिजाइन तयार गरि संरचना निर्माणको कार्य संचालन गरिनेछ।
- स्थानीयस्तरको योजना तर्जुमा गर्दा टोल स्तर बाट नै लक्षित वर्गको पहिचान गरि अर्थपूर्ण सहभागिता गराईने छ।
- नगरपालिकाले प्राथमिकीकरणको आधारमा लक्षित वर्गको लागि आवश्यक बजेट विनियोजन गरि आयआर्जन तथा मागमा आधारित सिपको विकास गर्न तालिम संचालन गरि दक्षता अभिवृद्धि गरिने छ।
- नगरपालिकाको योजना तर्जुमा तथा सार्वजनिक सरोकारका बिषयवस्तुको जानकारी गराई लक्षित समुदाय सम्म पुर्याउन सुचना प्रसारण तथा प्रकाशित गरीने छ।
- नगरपालिका वडास्तर तथा समुदायस्तरमा गठन गरिने विभिन्न समुह, समिति, सहकारी तथा सञ्जालमा महिला, दलित, अपांगता भएका व्यक्तिहरु लैंगिक तथा यौनिक अल्पसंख्यक सीमान्तकृत एवम् पछाडी परेका वर्ग समुदायको अरथपूर्ण सहभागिताको सुनिश्चितता गरिनेछ।

**१०. नीतिको कार्यान्वयनमा आउन सक्ने सम्भावित जोखिम तथा सो जोखिम न्यूनिकरणका उपायहरु:**

| क्र सं | सम्भावित जोखिम | जोखिम न्यूनिकरणका उपायहरु |
|---|---|---|
| १ | लैससासको समान बुझाइ र स्थनीय तहको प्राथमिकिकरणमा नपर्नु। | सिमान्तकृत वर्गको सहभागितामा समान बुझाइ बनाउने उपाय पत्ता लगाउने र पालिकाको नीति निर्माणमा प्राथमिकीकरण गर्ने। |
| २ | नीति निर्माणमा पालिका र सरोकारवाला बीच समन्वय हुन नसक्नु। | नियमित बैठक गरि पालिकास्तरमा लक्षित समुदाहरुको छलफल गर्ने। |



पुष्कर राज जोशी
नगर प्रमुख

| | | |
|---|---|---|
| ३ | लैससास नीति निर्माणको लागि आवश्यक सूचना संकलनमा अवरोध हुन सक्ने। | छलफल अन्तरक्रिया अभिमुखिकरण गोष्ठी आदि संचालन गर्ने। |
| ४ | लक्षित वर्गका लागि बजेटको कमी हुन सक्ने। | सहयोगी निकायहरु संग छलफल र सहयोगको लागि हात अगाडी बढाउने। |
| ५ | पछाडि परेका सबै वर्गलाई सम्वोधन गर्न नसक्नु। | छलफल र अन्तरक्रियामा जोड दिने। |
| ६ | लैससास नीति कार्यपालिकाबाट अनुमोदन भए पनि कार्यान्वयन गर्न नसक्नु। | अनुमगन संयन्त्र निर्माण गरि प्रभावकारी रुपमा कार्यान्वयलाई प्राथमिकता दिनु। |
| ७ | श्रीमान बेपत्ता भएका तथा अबिबाहित कम्तिमा ४० वर्ष उमेरभन्दा बढीका एकल महिलाहरुको पहिचान गरि समस्यामा सहजता प्रदान गर्न नसक्नु। | तथ्यांक संकलन गरी सोको उपयुक्त समस्या समाधान को उपाय तय गरी व्यवस्था गर्ने। |

**११. लैससास नीति कार्यान्वयनको लागि कार्ययोजना**

| क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको पहिचान | समय सिमा |
|---|---|---|---|---|
| लक्षित वर्गलाई योजना तथा सहभागीताको महत्वको बारेमा अभिमुखिकरण कार्यक्रमको आयोजना गर्ने | महिला शाखा<br>विषयगत समिति | गैसस<br>प्रदेश सरकार<br>संघीय सरकार | नगरपालिकको बजेट<br>सहयोगी निकायबाट प्राप्त अनुदान | छ महिना भित्र |
| नगरपालिकामा बाल स्याहार केन्द्रको निर्माण गर्ने | महिला शाखा<br>शिक्षा शाखा | गैसस<br>प्रदेश सरकार<br>संघीय सरकार | संघीय तथा प्रदेश सरकार<br>नगरपालिकाको आन्तरिक कोष | एक वर्ष भित्र |
| सामुहिक खानेपानीको व्यवस्थापनका लागि बजेट विनियोजित गर्ने | योजना शाखा<br>विषयगत समिति | गैसस<br>प्रदेश सरकार<br>संघीय सरकार | संघीय तथा प्रदेश सरकार<br>नगरपालिकाको आन्तरिक कोष | दुई वर्ष भित्र |
| योजना छनौट गर्दा पछाडी परेका समुदायका वर्ग पहिचान गरि टोल भेला गर्ने | योजना शाखा<br>महिला शाखा<br>विषयगत सिमिति | गैसस<br>प्रदेश सरकार<br>संघीय सरकार | लैससासलाई प्राथमिकीकरण | प्रत्येक वर्षको जेठ समान्त भित्र |
| लैंगिक सम्पर्क व्यक्तिलाई योजना तर्जुमा गर्दा | नगरकार्यपालिका<br>योजना शाखा | योजना शाखा<br>सामाजिक विकास शाखा | नगरपालिका<br>दात्री निकाय | प्रत्येक वर्षको असार समान्त भित्र |



पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| अनिवार्य निर्णायक भुमिका दिने | | | गैसस | |
| विपन्न लक्षित वर्गका बालबालिकालाई पोशाक र कापि कलमको लागि बजेटको व्यवस्था गर्ने | नगरकार्यपालिका योजना शाखा | योजना शाखा सामाजिक विकास शाखा | नगरपालिका दात्री निकाय गैसस | प्रत्येक वर्षको असार समान्त भित्र |
| बालबालिका तथा अपांग र सिमान्तकृत वर्ग सम्बन्धी नीति बनाइ लागु गर्ने | नगरकार्यपालिका योजना शाखा | योजना शाखा सामाजिक विकास शाखा | नगरपालिका | प्रत्येक वर्षको असार समान्त भित्र |
| नगरपालिकामा स्तनपानको लागि छुट्टै कोठाको व्यवस्था गर्ने | नगरकार्यपालिका योजना शाखा | योजना शाखा सामाजिक विकास शाखा | नगरपालिका दात्री निकाय गैसस | निरन्तर |
| विकास निर्माणमा वा उपभोक्ता समिति गठन गर्दा महिला तथा पछाडी परेका वर्गलाई प्राथमिकता दिने | नगरपालिका सम्बद्ध शाखा वडा कार्यालयहरु | सम्बद्ध शाखा वडा कार्यालयहरु | संघिय मन्त्रालय प्रादेशिक निकायहरु सम्बद्ध शाखा | उपभोगिता समिति गठन गर्दा |
| महिला तथा विपन्न वर्गका लागी क्षमता विकास सम्बन्धी तालिमको व्यवस्थापन गरि आत्मनिर्भर बनाउने | नगरकार्यपालिका योजना शाखा | योजना शाखा सामाजिक विकास शाखा | नगरपालिका दात्री निकाय गैसस | निरन्तर |

**१२. लैससास समानता तथा सामाजिक समावेशिकरण नीतिको कार्यान्वयन**

यस नितीमा भएका प्रावधानहरुलाई स्थानीय तहमा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेका नीति अनुरुप सामाजिक सामावेशीकरणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरपालिकामा देहाय अनुसारको समिति रहनेछ।

क. नगर प्रमुख — संयोजक

ख. नगर उपप्रमुख — सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ . सामाजिक विकास शाखा प्रमुख — सदस्य



पुष्कर राज जोशी
नगर प्रमुख

ङ. सामुदायिक संघ तथा संस्था लक्षित वर्गमध्येबाट संयोजकले
तोकेका कम्तीमा एक जना महिला सहित दुई जना — सदस्य
च. महिला तथा बालाबालिका शाखा प्रमुख — सदस्य सचिव

**१३. नगरपालिकाको प्रत्येक वडामा लैससास नीति कार्यान्वयनको लागि देहाय बमोजिमको समिति रहने छ।**

क. वडा अध्यक्ष — संयोजक
ख. वडा सदस्य महिला दलित सिमान्तकृत समुहबाट — ३ जना सदस्य
ग. वडा सचिव — सदस्य सचिव

**१४.समितको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।**

१. लैंगिक तथा सामाजिक समावेशीकरणलाई नगरपालिकाको विकास कार्यक्रममा मुलप्रवाहीकरण गर्ने।
२. सामाजिक सामावेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने।
३. लैंगिक तथा सामाजिक सामावेशीकरण नीति अनुरुप लैंगिक तथा सामाजिक सामावेशीकरण कार्यविधि निर्माण गरि कार्यान्वयन गर्ने गराउने।
४. जिल्लाका अन्य सरकारी तथा गैर सरकारी निकाय संग नीती कार्यान्वयन गर्न समन्वयकारी भुमिका निर्वाह गर्ने।
५. लैससास नीतीको प्रभावकारी कार्यान्वयको लागि अनुगमन तथा मूल्यांकन संयन्त्र निर्माण गरि अनुगमन सुपरीवेक्षण गर्ने।
६. महिला बालबालिका तथा सिकान्तकृत समुह लगायत बन्चितिकरणमा परेका समुदायको तथ्यांक संकलन र विश्लेषण गर्ने।
७. आवधिक, वार्षिक योजना तर्जुमा कार्यान्वयन बजेट बाँडफाँड खर्चको लेखाजोखा समय समयमा अनुगमन तथा मुल्यांकन गरि सामाजिक सामावेशीकरण मैत्री भए नभएको विश्लेषण गर्ने र समाजिक सामावेशीकरणलाई उत्तरदायि बनाउन नियमित रुपमा नगरपालिकामा सुझाव तथा निर्देशन दिने।
८. लैससास सम्वन्धी क्षमता विकासका कार्यक्रम अभिवृद्धि गर्न तालिम संचालनको योजना तथा कार्यविधि निर्माण गर्ने।
९. नीतीको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला र संघ संस्थाहरुबीच समन्वय र सहकार्य गर्ने गराउने।
१०. लैससास नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने गराउने।
११. कार्यान्वयनको लागि योजना र बजेट सहित योजना नर्माण गरि कार्यान्वयन गर्ने गराउने।

**१५.अनुगमन तथा मूल्याकन समिति**

लैससास कार्यक्रम कार्यान्वयलाई प्रभावकारी रुपमा अनुगमन तथा सुवरीवेक्षण गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ मा गरिएको संयुक्त अनुगमन समिति नगर उप प्रमुख को संयोजनमा हुने समितिले नै संयोजन गरी अनुगमन कार्यको सम्पादन गर्नेछ।

## अनुसूची १

नगरपालिकाको लैससासको पाटो बाट क्षमता बिश्लेषण को अवस्था

| विषय क्षेत्र | सवल पक्ष | कमजोर पक्ष | अवसरहरु | चुनौतिहरु |
|---|---|---|---|---|
| नीति कानून र योजना | • विभेद रहित बजेट विनियोजन प्रणाली भएको<br>• विभिन्न समितिमा महिलालाई प्राथमिकता दिने गरेको<br>• महिला बालबालिका अपांग ज्येष्ठ नागरिक र सिमान्तकृत वर्गका लागि बजेट विनियोजित भएको | • लैससास नीति निर्माण नहुनु।<br>• बनेका ऐन नियम कानुन प्रभावकारी रुपमा कार्यान्वय हुन नसक्नु ।<br>• योजना निर्माणमा सरोकारवालाहरुको उल्लेख्य सहभागिता नहुनु। | • नगरपालिकाले निर्माण गरेको नीतिले सरोकारवालहरुको सहभागितामा वृद्धि भएको।<br>• नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ ले लैससास सम्वन्धी नीति तयार गर्न स्थानीय सरकारलाई जिम्मेवारी प्रदान गरेको। | • विनियोजित बजेटले नगरपालिकाले राखेका उद्देश्य अनुसार कार्यान्वयन गर्न समस्या।<br>• भौगोलिक विकटताले सेवालिनमा समस्या |
| संस्थागत व्यवस्था | • लैससासको दृष्टिले नगरपालिकामा महिला शाखाको स्थापना भएको।<br>• न्यायीक समितिको व्यवस्था<br>• महिला शाखा प्रमुखमा महिलाको व्यवस्था भएको | • थप कर्मचारीको व्यवस्थापन हुनु पर्ने। | • नगरपालिकको समग्र सामाजिक विकास लैससास नीति अनुरुप हुनु पर्नेमा जोड । | • लैससास समिति निर्माण नहुनु<br>• न्यायीक समिति सक्रिय नहुनु। |
| जनशक्ति व्यवस्थापन | • नगरपालिकामा तालिम प्राप्त जनशक्तिको व्यवस्था भएको।<br>• न्यायीक | • आवश्यकता अनुसार प्रयाप्त दक्ष जनशक्तिको व्यवस्थापन नहुनु।<br>• न्यायीक समिति | क्षमता विकासका लागि प्रयाप्त अवसर र प्रावधान रहेको<br>• प्रयाप्त वजेटको व्यवस्थापन हुनु। | • आवश्यकता अनुसार दक्ष जनशक्तिको व्यवस्थापन गर्न नसक्नु। |





पुष्कर राज जोशी
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय, ... सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | समितिको स्थापना हुनु । | सक्रिय नहुनु | | |
| सेवा प्रवाह | • विभिन्न सहयोगी निकाय तथा संस्थाहरु रहेको<br>• महिला र पुरुष बीच समान ज्यालाको व्यवस्थापन हुनु | • थप कार्य गर्ने निकायलाई काम गर्न प्रोत्साहित गर्नु पर्ने<br>• कार्यविधि निर्माण गरि समान कामको ज्यालाक | सहयोगी निकायहरुले नीति निर्माणमा सहयोगी भूमिका निर्वाह ।<br>सेवा प्रवाहमा छिटो छरीतो र समयको सदुपयोग भएको । | • निर्माण गरेका कार्यनीतिलाई कार्यान्वयन नहुनु । |
| सुशासन | • विभेद रहित बजेट विनियोजित भएको ।<br>• सिमान्तकृत वर्गका लागि बजेटको व्यवस्थापन गरिएको | • लक्षित वर्गको अर्थपूर्ण सहभागितामा कमी । | दिगो विकास लक्ष्यले लैससासलाई प्रमुख रुपमा अवलम्वन गरेको | |
| सामाजिक क्षेत्र | • विद्यालय<br>• न्यायिक समिति<br>• महिला समूह<br>• किशोरी समूह<br>• बालक्लवहरु<br>• सामुदायिक संघ संस्थाहरु<br>• महिला विकास शाखाको गठन<br>• सामाजिक सुरक्षा भत्ता | • गुणस्तरी शिक्षा र दक्ष जनशक्ति कमी<br>• गुनासो व्यवस्थापनको कमी<br>• आमा महिला किशोरीहरुलाई क्षमता अभिवृद्धिको कमी | • संवैधानिक तथा नीतिगत व्यवस्था भएको<br>• बालक्लबहरुको क्रियाशिलता<br>• गैससहरुको लक्षित समूहप्रतिको लगनशिलता | • सबै पक्षलाई विद्यालयमा गुणस्तरीय शिक्षामा पहँच पुर्याउन नसक्नु ।<br>• न्यायिक समितिमा दक्ष जनशक्तिको सहभागिता हुन नसक्नु<br>• राजनैतिक पूर्वाग्रह |
| आर्थिक पक्ष | • वित्तिय संस्था सहकारी<br>• लैंगिक बजेटको व्यवस्थापन<br>• लघुउद्यम तालिम | • झन्जटिलो कारोवार प्रणाली<br>• वित्तिय साक्षरताको बारेमा जानकारीको कमी<br>• तालिममा | • आर्थिक क्रियाकलापमा सहभागिता सहकार्य समन्वय भएको हुने ।<br>• स्वरोजगारको अवसर प्राप्त हुनु | • सिमान्तकृत वर्गलाई सहभागितामूलक पहुँच पुर्याउन समस्या<br>• लैंगिक बजेट खर्च शीर्षक अनुसार खर्च गर्न नसक्नु |



पुष्कर राज जोशी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | • सीपमूलक तालिमको व्यवस्थापन<br>• प्रधानमन्त्री स्वरोजगार कार्यक्रम<br>• सामूहिक खेतीको विकास | सिमित भएको र व्यावसायिकताको लागि आर्थिक अभाव<br>• न्यून ज्यालमा काम गर्नुपर्ने अवस्था<br>• बजारीकरणको अभाव। | • आत्मनिर्भता | • प्रबिधिमैत्री तालिमको कमी<br>• नीतिलाई स्थानीय तह अनुकूल कार्यान्वय गर्नका कठिनाइ |

## अनुसूची २

लैससास रणनीति मस्यौदा समितिका सदस्यहरु

| नाम | पद | निकाय | |
|---|---|---|---|
| श्री कौशिला चन्द | नगर उपप्रमुख | दशरथचन्द नगरपालिका | संयोजक |
| श्री भानदेव भट्ट | वडाध्यक्ष वडा नं ४ | दशरथचन्द नगरपालिका | सदस्य |
| श्री महेन्द्र सिंह कार्की | वडाध्यक्ष वडा नं ६ | दशरथचन्द नगरपालिका | सदस्य |
| श्री हरिश प्रकाश भट्ट | शिक्षा शाखा प्रमुख | दशरथचन्द नगरपालिका | सदस्य |
| श्री नविनचन्द्र पाण्डेय | सामाजिक विकास शाखा प्रमुख | दशरथचन्द नगरपालिका | सदस्य |
| श्री लिला कुवँर | महिला शाखा प्रमुख | दशरथचन्द नगरपालिका | सदस्य |
| श्री शंकर दत्त जोशी | कार्यालय प्रमुख | सामाजिक विकास कार्यालय, बैतडी | सदस्य |
| श्री गोविन्द बल्लभ पन्त | कार्यक्रम संयोजक | जिल्ला रेडक्रस शाखा | सदस्य |
| श्री लोकेश शाह | कार्यकारी निर्देशक | ओ.आर.डी.एस. बैतडी | सदस्य |

पुष्कर राज जोशी
नगर प्रमुख